स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ८ मध्यपुर थिमि भक्तपुर फागुण १३ ,२०८१

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम मध्यपुर थिमि नगरपालिकाको अपागंता भएका व्यक्तिहरूका हक अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८१ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको कार्यविधि, नं.

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/१३

मध्यपुर थिमि नगरपालिकाको अपागंता भएका व्यक्तिहरूका हक अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८१

**प्रस्तावना :**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण तथा संवर्द्धन गर्न नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघ सस्थाहरुको समन्वय, सहकार्य र साझेदारीतालाई प्रवर्द्धन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितताका लागि मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अन्तर्गत र अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सम्वन्धी नियमावली २०७६ बमोजिम रहि अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८१ तयार पारिएको छ ।

## परिच्छेद-१

**(१) सक्षिप्त नाम र प्रारम्भ :**

(१.१) यस कार्यविधिको नाम अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८१ रहेको छ ।

(१.२) यो कार्यपालिकाको बैठकबाट निर्णय भएको मितिबाट प्रारम्भ हुनेछ ।

**(२) परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ लाई सम्झनु पर्दछ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(ख) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

(ग) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ ।

(घ) "पहुँचयुक्त" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रूपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा विना अवरोध समान रूपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ ।

(ङ) 'भेदभाव विरुद्धको अधिकार' भन्नाले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताका आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट बन्चित गरिने छैन भन्ने सम्झनुपर्छ ।

(च) 'संरक्षणको अधिकार' भन्नाले अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने सम्झनुपर्छ ।

(छ) "स्थानीय समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको हकहित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्ने काम समेतका लागि मध्यपुर थिमि नगरपालिकाको अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, २०७६ को परिच्छेद ३ दफा ६ को उपदफा १ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

(ज) "नगरपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनुपर्छ।

(झ) "कार्यविधि" भन्नाले "अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८१" सम्झनुपर्दछ ।

(ञ) "प्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(ट) "उपप्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ठ) "कार्यालय" भन्नाले मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ

(ड) "अपाङ्गताका क्षेत्रमा कार्यरत संस्था" भन्नाले नगर क्षेत्रमा अपाङ्गताको वर्गिकरणका आधारमा क्रियाशील रहेका र संघसस्था दर्ता ऐन बमोजिम दर्ता भएका संस्थाहरुलाई सम्झनु पर्छ ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

(ढ) "अनुगमन" भन्नाले मध्यपुर थिमि नगरपालिकाका द्धारा अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिएका सेवा तथा सुविधाका साथै सम्बन्धित संस्थाहरुबाट प्रदत्त सेवा तथा सहयोग सम्बन्धी भए गरेका कामको प्रगति प्रतिवेदन लगायत स्थलगत रुपमा सम्पन्न गरिएको कार्यलाई सम्झनुपर्छ ।

परिच्छेद-२

(३) . नगर/वडा स्तरीय सञ्जालको गठन, काम कर्तव्य र अधिकार

अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा गठन भएको नगर स्तरीय समन्वय समितिलाई आवश्यक सहयोग, सहकार्य गर्न र कार्यक्रममा प्रभावकारिता एवम् एकरुपता ल्याउने कार्य समेतको लागि नगर क्षेत्रमा रहेका अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघसस्था एवम् व्यक्तिहरुलाई समेटी नगरस्तरमा नगरस्तरीय अपाङ्गता सञ्जाल समिति र प्रत्येक वडामा वडास्तरीय सञ्जाल समितिको निर्माण गरिने छ । उक्त सञ्जालको गठन देहाय बमोजिम हुनेछ,

(३.१) नगरस्तरीय सञ्जाल समितिको गठन

क) अपाङ्गता भएका व्यक्तिहरुका लागि नगर क्षेत्रमा क्रियाशील सामाजिक संघसस्थाहरु मध्येबाट नगर प्रमुखबाट मनोनित एक जना संयोजक

ख) अपाङ्गता बर्गिकरणका आधारमा स्थानीय समन्वय समितिको निर्णयानुसार शारिरीक, बौद्धिक, बहिरा, दृष्टिविहिन लगायत सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको संस्थागत प्रतिनिधित्वका साथै अपाङ्गताका क्षेत्रमा क्रियाशील सामाजिक संघसस्था/व्यक्तिको प्रतिनिधित्व हुने गरी ३ जना महिला सहित जम्मा ७ जना सदस्य

ग) नगरपालिका क्षेत्र भित्र विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयका शिक्षक वा स्रोत व्यक्ति मध्येबाट नगरप्रमुखले तोकेको एक जना सदस्य

घ) सञ्जाल समितिको निर्णयानुसार एक जना सदस्यले सदस्य सचिवको भूमिका निर्वाह गर्नेछ । (समितिमा आवश्यक सरसल्लाह, सुझाव र निर्देशनका लागि नगरपालिकाका प्रमुख, उपप्रमुख महिला बालबालिका तथा सामाजिक समावेशीकरण शाखा एवम् सामाजिक विकास महाशाखालाई विशेष आमन्त्रण गरिनेछ साथै प्रत्येक तीन-तीन वर्षमा समितिको पुनर्गठन गरिने छ) ।

(३.२) नगर स्तरीय सञ्जाल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) अपाङ्गता भएका व्यक्तिको हक, हित तथा संरक्षणको विषयमा नगर क्षेत्रमा काम गर्ने विभिन्न संघ/संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्ने/गराउने ।

ख। नगर क्षेत्र भित्र रहेका अस्पताल, विद्यालय मठ मन्दिर खेलकुद मैदान लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङ्गता मैत्री संरचना विकास वा निर्माण गर्ने/गराउने कार्यमा पैरवी र वहस चलाउने।

ग) अपाङ्गताको वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए/नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँचबुझ गरी परिचयपत्र प्रदान गर्न नगर स्तरीय स्थानीय समन्वय समितिलाई सिफारिस गर्ने ।

घ) नगर क्षेत्र भित्र बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न नगर/वडा कार्यालयलाई सहयोग पुर्‍याउने ।

ङ) अपाङ्गता भएका व्यक्तिका अधिकार संरक्षणका सवालमा नगरका वडा वडामा समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

च) वडा तहमा अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघ संस्था एवम् व्यक्तिहरुको परिचालन गरी वडा स्तरीय सञ्जाल गठनमा सहजीकरण गर्ने/गराउने ।

(छ) अपाङ्गता भएका व्यक्तिहरुको हक हितका सवालमा आवश्यकताको पहिचान, नीति/योजना तर्जुमा, कार्यान्वयन लगायतका कार्यमा समन्वयकारी भूमिका निर्वाह गर्ने/गराउने ।

(ज) नगरबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**(३.३) वडा स्तरीय सञ्जाल समितिको गठन**

क) अपाङ्गता भएका सस्था/व्यक्तिहरु मध्येबाट सम्बन्धित वडाको वडाध्यक्ष्यले मनोनित गरेको एक जना संयोजक

ख) अपाङ्गता भएका क्षेत्रमा काम गर्ने संस्था र व्यक्तिहरु मध्येबाट वर्गीकरणका आधारमा (शारिरीक, बौद्धिक, बहिरा, दृष्टिविहिन लगायत अपाङ्गता भएका व्यक्ति पर्ने गरी वडा समितिले तोकेका २ जना महिला सहित ४ जना सदस्य

ग) समितिको बैठकले सञ्जाल समिति सदस्य मध्येबाट तोकेको एक जना सदस्यलाई सदस्य सचिवको भूमिका तथा जिम्मेवारी तोक्न सक्नेछ ।

(वडास्तरीय सञ्जाल समितिको सदस्यहरुको पदावधि तीन वर्ष कायम रहने छ। प्रत्येक तीन- तीन वर्षमा समितिको पुनर्गठन गरिनेछ।

**(३.४) वडा स्तरीय सञ्जाल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

(क) अपाङ्गता भएका व्यक्तिका अधिकार संरक्षणका सवालमा आफ्नो वडामा समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

(ख) वडामा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारका सवालमा पैरवी र बहस चलाउने ।

(ग) अपाङ्गताका क्षेत्रमा क्रियाशील व्यक्ति एवम् सामाजिक संघसस्थाहरु बीच आवश्यक समन्वय गर्ने/गराउने ।

(घ) वडा तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन एवम् अभिलेखीकरण गर्नमा वडा कार्यालयलाई सहयोग गर्ने ।

(ङ) नगर/सम्बन्धित वडा कार्यालय एवम् नगरस्तरीय सञ्जाल समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**(३.५) नगर/वडा सञ्जाल समितिको बैठक सम्बन्धी कार्यविधि :**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(घ) समितिको कूल सदस्य सङ्ख्याको ५१ प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) नगर समन्वय समितिले नगरपालिकाका प्रमुख, उपप्रमुख एवम् सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा विशेष आमन्त्रण गर्न सक्नेछ ।

(ज) समितिको निर्णयलाई सदस्य-सचिवले प्रमाणित गराई राख्नु पर्ने छ ।

(झ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

## परिच्छेद-३

(४).अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व

(४.१) स्थानीय समन्वय समितिको दायित्व :

(क) अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण तथा प्रवर्द्धनमा बजेट विनियोजन, योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन प्रभावकारी रुपमा गर्ने/गराउने ।

(ख) संघीय सरकार तथा प्रदेश सरकारका तर्फबाट उपलब्ध हुने समुदायमा आधारित पुनस्थापना कार्यक्रम (सिविआर) लगायतका अन्य कार्यक्रमहरु सञ्चालन गर्न संस्था छनौट र जिम्मेवारी तोक्ने

(ग) नगर क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई वडा तहबाट उपलब्ध हुन सक्ने सम्मका सेवा/सुविधा तथा अवसर उपलब्ध गर्ने/गराउने ।

(घ) अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितता गर्ने/गराउने ।

(ङ) नगर र वडा तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहारसुसार सम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलब्ध गराउन सक्नेछ ।

(च) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन, अभिलेखीकरण अद्यावधिक गर्ने/गराउने ।

(४.२) शिक्षण संस्थाको दायित्व :

यस कार्यविधिमा उल्लेख गरिएका अपाङ्गता भएका व्यक्तिको विना भेदभाव र उपयुक्त वातावरण सहित शिक्षा आर्जन गर्न सहज पहुंच स्थापना गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व नगर क्षेत्र भित्र रहेका सम्बन्धित शिक्षण संस्थाको हुनेछ। साथै अपाङ्गतामैत्री संरचना निर्माण र सुधारका योजना कार्यान्वयनमा ल्याउने ।

(४.३) परिवारका सदस्य तथा संरक्षकको दायित्व :

(१) परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालन पोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(२) अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको स्वास्थ्य संस्थामा पुर्‍याउनु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न पाइने छैन ।

(४) अपाङ्गता भएका व्यक्तिलाई नीजको परिवारका कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएकै आधारमा पालन पोषण, खानपान, हेरचाह, सम्पत्ति बाँडफाँड वा अन्य कार्यमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) राज्यद्वारा उपलब्ध भएको सामाजिक सुरक्षा भत्ता नीजको स्वास्थ्य, शिक्षा, सीप विकास र साहयता सामाग्री जस्ता कार्यमा खर्च गर्नुपर्नेछ ।

**(४.४) चिकित्सक/स्वास्थ्य सस्थाको दायित्व :**

मध्यपुर थिमि नगरपालिका क्षेत्र लगायत सबै स्वास्थ्य सस्थामा कार्यरत चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरणमा उपचार सेवा उपलव्ध गराउनु पर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुन सक्ने अन्य स्वास्थ्य संस्थामा सिफारिस गर्नुपर्नेछ ।

**परिच्छेद- ४**

**(५).विविध**

(क) नगर क्षेत्र भित्र चल्ने सार्वजनिक सवारी साधनका धनी वा सञ्चालकले सार्वजनिक यातायातका साधनमा अपाङ्गता भएका व्यक्तिका लागि कानुनले तोके बमोजिमको सङ्ख्यामा सिट सुरक्षित राखु पर्नेछ

(ख) अपाङ्गता भएका व्यक्तिलाई नगरको तर्फबाट कुनै सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा अपाङ्गताको वर्गिकरण, मात्रा, गाम्भीर्यता तथा निजको आर्थिक अवस्थाका आधारमा प्राथमिकता दिईएको हुनेछ ।

(ग) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा, अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्ने काम समेतको लागि गठन भएको स्थानीय समन्वय समितिले व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**प्रमाणीकरण मिति २०८१।१२।११**

**आज्ञाले**
**राम बहादुर के.सी**
**प्रमुख प्रशासकीय अधिकृत**